श्री

नुवाकोट जिल्ला अदालत

नुवाकोट
फोन नं.०१०-५६
E-mail:

(प्रशासन शाखा)

पत्र संख्या :- ०८२।८३ सूचना प्रकाशित मितिः २०८३/०१/०४

सूचना। सूचना।। सूचना।।।

यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था भई मिति २०८३/०१/१७ गतेबाट यस अदालतको वैतनिक कानून व्यवसायी रिक्त हुने भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२),(३),(४),(५) र (६) बमोजिम वैतनिक कानून व्यवसायीको नियुक्ति गर्नको लागि इच्छुक कानून व्यवसायीबाट दरखास्त आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रित नपुगी आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अनुरोध छ।

१. पदः- वैतनिक कानून व्यवसायी।
२. आवश्यक पद संख्याः-१(एक)।
३. संलग्न गर्नुपर्ने कागजातहरुः-
   क. नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी।
   ख. कानूनमा स्नातक वा स्नातकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपी।
   ग. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी।
   घ. सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपी।
४. प्रदान गर्नुपर्ने सेवाः- वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नुपर्ने सेवाहरु।
५. पारिश्रमिकः- तोकिए अनुसार।
६. पदावधीः- १(एक) वर्ष।
७. दरखास्त दस्तुरः- रु १०।-
८. छनोटको किसिमः- अन्तरवार्ता र तोकिएको अन्य आधारमा।
९. अन्तरवार्ता मितिः- दरखास्त दिने अन्तिम समयमा प्रकाशन गरिनेछ।
१०. नियुक्ति लिन आउनुपर्ने अवधिः- सिफारिस भएका उम्मेदवारले सिफारिस भएको मितिले ३(तीन) दिन भित्र।

०८३/१/१४

(सुशील कुमार यादव)
श्रेस्तेदार(उपसचिव)

नोटः- बिस्तृत जानकारीको लागि नुवाकोट जिल्ला अदालतको प्रशासन शाखामा सम्पर्क राख्नुहोला।